**Naya Sarathi Laghubitta Bittiya Sanstha Ltd.**

**नयाँ सारथी लघुवित्त वित्तीय संस्था लि.**

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त 'घ' वर्गको राष्ट्रिय स्तरको वित्तीय संस्था)

प्रधान कार्यालय
धुलिखेल-३, काभ्रेपलाञ्चोक

प.सं. ०७९/८०
च.नं. १२१७

मिति : २०७९/१२/०५

**श्री नेपाल स्टक एक्सचेञ्ज लि.**
**युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ**

नयाँ सारथी लघुवित्त वित्तीय संस्था लि.
२०६५
Naya Sarathi Laghubitta Bittiya Sanstha Ltd.
प्रधान कार्यालय, धुलिखेल

**विषय :साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द रहने सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा यस नयाँ सारथी लघुवित्त वित्तीय संस्थाको मिति २०७९/१२/०४ गते बेलुका ५:०० बजे बसेको संचालक समितिको बैठक नं.५४ को निर्णय अनुसार यस वित्तीय संस्थाको चौधौं वार्षिक साधारणसभा मिति २०७९ साल चैत्र २८ गते मंगलवार तदनुसार अप्रिल ११, २०२३ का दिन दिउँसो १:०० बजे होटल जुगल, मिरावल चोक, धुलिखेल, काभ्रेपलाञ्चोकमा बोलाउने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै वार्षिक साधारणसभा प्रयोजनको लागि यस वित्तीय संस्थाको शेयरधनी दर्ता किताव मिति २०७९ चैत्र १५ गते देखि २०७९ चैत्र २८ गतेसम्म बन्द रहने निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ । सभा सम्बन्धी सूचना मिति २०७९/१२/०६ गतेको आर्थिक अभियानमा प्रकाशित हुने जानकारी गरिन्छ ।

**बोधार्थ :**

**श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर**
**श्री सिडिएस एण्ड क्लियरिङ लि, पुतलिसडक, काठमाण्डौं ।**

**भवदीय,**

**सरोज घिमिरे**
**कम्पनी सचिब**



Head Office: Dhulikhel Municipality-03, Kavrepalanchowk Telephone No. 011-490671/72 Email: info@sarathi.com.np

**नयाँ सारथी लघुवित्त वित्तीय संस्था लि.**
**प्रधान कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक, फोन नं. : ०११-४९०६७१**
**(नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)**
**चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस नयाँ सारथी लघुवित्त वित्तीय संस्था लि.को मिति २०७९/१२/०४ गते वसेको संचालक समितिको ५४औं वैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको चौधौं वार्षिक साधारणसभा देहायको विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा वस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मितिः- २०७९ चैत्र २८ गते मंगलवार (तदनुसार अप्रिल ११, २०२३) ।
समयः- दिउँसो १:०० वजे ।
स्थानः- होटल जुगल, मिरावल चोक, धुलिखेल, काभ्रेपलाञ्चोक ।

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व.२०७८/७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्न ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष ०७८/७९ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका वित्तीय विवरण छलफल गरी पारित गर्न ।
३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६२ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.०७९/८० को लेखापरीक्षण कार्यको लागि कम्पनी ऐन २०६३ को दफा १६५(घ) वमोजिम लेखापरीक्षण समितिको सिफारिस वमोजिम लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी संचालक समितिको निर्णय अनुमोदन गर्न ।
४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब.२०७८/७९ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको १.० प्रतिशतले (बोनस शेयरको कर प्रयोजनको लागि मात्र) हुन आउने रकम रु.३०,३३,९५३।- (तिस लाख तेत्तिस हजार नौसय त्रिपन्न रुपैया मात्र) नगद लाभांस वितरण गर्न स्वीकृति दिन ।

**ख) विशेष प्रस्तावहरु**

१) संचालक समितिले प्रस्ताब गरे बमोजिम यस वित्तीय संस्थाको आ.ब.२०७८/७९ सम्मको संचित मुनाफाबाट हालको चुक्ता पूँजी रु.३०,३३,९५,२६०।- (अक्षरेपी तिस करोड तेत्तिस लाख पन्चानब्बे हजार दुईसय साठी मात्र) को १९% (उन्नाईस प्रतिशत) ले हुन आउने रकम रु.५,७६,४५,०९९।- (पाँच करोड छयत्तर लाख पैतालिस हजार उनान्सय रुपैया मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताब स्वीकृत गर्ने ।
२) सर्वसाधारणको लागि छुट्याएको साधारण शेयर सम्बन्धित निकायबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Issue) गर्न र सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।
३) थप सार्वजनिक निष्काशन (FPO) र बोनस शेयर वित्तरण पश्चात वित्तीय संस्थाको पूँजी बृद्धि हुने भएकोले पूँजी बृद्धि लगायतका विषयमा प्रबन्धपत्र/नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।
४) नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड र विजय लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने) सम्वन्धमा संचालक समितिको तर्फवाट प्रस्तुत हुने अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारित गर्न ।
५) नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड र विजय लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने) कार्य प्रयोजनका लागि चल अचल सम्पत्ती तथा कारोवारको मुल्याँकनकर्ताले तयार गरेको मूल्यांकन प्रतिवेदन (DDA Report) समेतको आधारमा संयुक्त मर्जर समितिबाट निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक शेयर बरावर एक शेयर) लाई पारित गरी मर्जरलाई स्वीकृति प्रदान गर्न ।
६) नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड र विजय लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने) प्रयोजनका लागि ब्यावसायिक योजना तथा प्रक्षेपण (Business Plan and projection), चल अचल सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Deligence Audit-DDA) गर्न नियुक्त लेखापरीक्षक (मूल्याङ्कनकर्ता) को नियुक्ती तथा पारिश्रमिकलाई अनुमोदन गर्न
७) नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड र विजय लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने) प्रयोजनका निम्ति भएको आपसी समझदारीपत्र (MOU), सम्पत्ती तथा दायित्वको मुल्याँकन प्रतिवेदन (DDA Report), संयुक्त मर्जर समिति तथा संचालक समितिले मर्जर सम्बन्धमा गरेका निर्णयहरुको अनुमोदन गर्ने । साथै एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यका लागि अन्तिम सम्झौता गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्न ।
८) नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड र विजय लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने) कार्य सम्पन्न भए पश्चात बन्ने संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने । साथै नयाँ संचालक समिति गठन भए पश्चात पुराना संचालक समितिका पदाधिकारीको कार्यकाल स्वतः समाप्त भएको मानिनुका साथै नयाँ संचालकको कार्यकाल आगामी साधारण सभा नभएसम्मका लागि कायम रहनेछ भन्ने प्रस्ताव पारित गर्न ।
९) नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड र विजय लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने) कार्य सम्पन्न भए पश्चात बन्ने संस्थाको नाम विजय लघुवित्त वित्तीय संस्था लिमिटेड रहने विषयको प्रस्ताव पारित गर्न ।
१०)नयाँ सारथी लघुवित्त वित्तीय संस्था लिमिटेड र विजय लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने) कार्य सम्पन्न भए पश्चात शेयर पूँजी संरचनामा परिवर्तन हुने भएकोले वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा थप सार्वजनिक निष्काशन (FPO)सहित चुक्ता पूँजी बृद्धि गर्ने विषयको प्रस्ताव पारित गर्न ।

११) वित्तीय संस्थाले अन्य वित्तीय संस्था गाभ्ने/गाभिने, प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनको लागि आवश्यक कार्य गर्न गराउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्न ।

१२) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संसोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक संशोधन वा परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**ग) विविध**

सञ्चालक समितिको आज्ञाले
(कम्पनी सचिव)

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१) साधारण सभा प्रयोजनको लागि २०७९ चैत्र १५ गते देखि २०७९ चैत्र २८ गतेसम्म यस वित्तीय संस्थाको शेयर दाखिल खारेज गर्ने कार्य बन्द रहनेछ । मिति २०७९ चैत्र १४ गतेसम्म नेपाल स्टक स्क्सचेन्जमा कारोवार भई ७ कार्यदिन भित्रमा यस कम्पनीको शेयर रजिष्ट्रार श्री एन.एम.वि. क्यापिटल लिमिटेड नागपोखरी, काठमाडौंमा दाखिल खारेजीको लागि पेश गरेका शेयरधनीहरु मात्र साधारण सभाका लागि योग्य हुनुहुनेछ ।

२. शेयरधनी महानुभावहरुले वार्षिक साधारणसभामा भाग लिन आंउदा आफ्ना नागरीकताको प्रमाणपत्र वा परीचय खुल्ने कुनै परीचय पत्र लिई आउनु पर्नेछ ।

३. शेयरधनी महानुभावहरुको सुविधाको लागि कम्पनी ऐन २०६३, अनुसारको लेखा परीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्वन्धी अन्यजानकारीहरु यस संस्थाको वेभ साईट www.nayasarathi.com मा समेत उपलब्ध छ । साथै यी विवरणहरु संस्थाको प्रधान कार्यालय धुलिखेल ०३, काभ्रेपलाञ्चोकंमा पनि शेयरधनी महानुभावहरुले अवलोकन गर्न सक्नु हुनेछ ।

४. शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शीर्षक अर्न्तगत कुनै छलफल गर्न चाहेमा सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै संस्थाको प्रधान कार्यालय मार्फत संचालक समितिका अध्यक्षलाई लिखितरुपमा जानकारी दिनु पर्नेछ ।

५. प्रोक्सी वा प्रतिनिधी मार्फत भाग लिन चाहनु हुने शेयरधनी महानुभावहरुले यस संस्थाको संस्थापक शेयर धनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सकिनेछ र यस्तो प्रोक्सी फाराम साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र प्रोक्सी फाराम दर्ता गरी सक्नु पर्नेछ । एकै शेयरधनीले एक भन्दा वढि प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरेको अवस्थामा "मैले यस अघि दिएको सवै प्रतिनिधि वा प्रोक्सी वदर गरी यो प्रतिनिधि वा प्रोक्सीलाई मान्यता दिईयोस भनी" छुट्टै पत्र समेत लेखि पठाएको रहेछ भने अरु सवै प्रतिनिधिपत्र वदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधि मात्र मान्य हुनेछ । तर एक शेयरधनीले एक भन्दा वढी व्यक्तिलाई प्रोक्सी नियुक्त गरी पठाएको पाईएमा त्यस्ता प्रोक्सी समयमै प्राप्त भएता पनि सवै प्रोक्सी वदर हुनेछ । एक भन्दा वढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र वा प्रोक्सी दिन पाईने छैन ।

६. प्रतिनिधि वा प्रोक्सी मुकरर गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरीसकेको भएता पनि प्रोक्सी स्वत: वदर हुनेछ ।

७. संगठित संस्था शेयरधनी रहेकोमा प्रवन्धपत्र नियमावलीको अधिनमा रही उक्त संस्थाको आधिकारीक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन पाउने छ ।

८. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन विहान १२:०० वजे (सभा शुरु हुनु भन्दा १ घण्टा अगाढी) देखि खुला रहनेछ ।

९. साधारण सभामा भाग लिन आंउदा जांदाको खर्च लगायत अन्य कुनै पनि खर्चको शोधभर्ना वित्तीय संस्थाले उपलव्ध गराउने छैन ।

१०. यस सम्वन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र वित्तीय संस्थाको प्रधान कार्यालय धुलिखेल ०३, काभ्रेपलाञ्चोकमा सम्पर्क राख्न समेत अनुरोघ गरिन्छ ।